

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्र्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३३६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० पुस १५ गते आइतबार ❑ 31 Dec. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## नेपाललाई दश वर्षभित्र एशियाकै समृद्ध मुलुक बनाउन सकिन्छ : नेता कार्की

**पोखरापत्र संवाददाता**
पोखरा, १४ पुस

नेपाली कांग्रेसका नेता एवम् पूर्वमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले इमान्दार भएर काम गरे नेपाललाई १० वर्षभित्र एसियाको समृद्ध मुलुक बनाउन सकिने धारणा राख्नुभएको छ।

नेपाल मुस्लिम सङ्घ गण्डकी प्रदेशको दोस्रो प्रदेशस्तरीय मुस्लिम भेला तथा सम्मान कार्यक्रमलाई शनिबार पोखरामा सम्बोधन गर्दै उहाँले सरकारले अब कुरा भन्दा पनि जनताको हितमा काम गरेर देखाउनुपर्ने बताउनुभयो । उहाँले जलस्रोत, कृषि, पर्यटनलगायतका क्षेत्रमा पर्याप्त सम्भावना भएकाले ती क्षेत्रमा लगानी बढाउन सके नेपाल सम्पन्न राष्ट्र बन्न समय नलाग्ने बताउनुभयो ।

त्यस अवसरमा गण्डकी प्रदेश सरकारका ऊर्जा, जलस्रोत तथा खानेपानीमन्त्री सरस्वती अर्यालले राजनीतिक परिवर्तनका लागि हुने प्रत्येक आन्दोलनमा मुस्लिम समुदायको भूमिका उल्लेखनीय रहेको बताउँदै मुस्लिम समुदायका महिलालाई पनि राजनीतिक क्षेत्रमा अगाडि सार्नुपर्ने बताउनुभयो । नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा नेपाल मुस्लिम सङ्घका केन्द्रीय सभापति हाजी अब्दुल सतारले नेपाली कांग्रेसले मुस्लिम समुदायका मुद्दालाई सम्बोधन गर्नुपर्नेमा जोड दिनुभयो । साथै उहाँले संविधानले दिएको अधिकारसमेत मुस्लिम समुदायले उपयोग गर्नबाट वञ्चित भएको गुनासो उक्तः अवसरमा राख्नुभयो । राज्यका हरेक तहमा मुस्लिम समुदायको प्रतिनिधित्व हुनुपर्नेमा उहाँको जोड थियो ।

नेपाल मुस्लिम सङ्घ गण्डकी प्रदेशका अध्यक्ष हाजशाह महम्मदको अध्यक्षातामा भएको उक्त भेलामा विसं २०७९ को एसइईमा उत्कृष्ट अङ्क ल्याउने मुस्लिम समुदायका छात्रछात्रा र समितिमा योगदान पुऱ्याउने सदस्यलाई सम्मान गरिएको थियो ।

## अहिलेको सरकारको कार्यशैलीले देश बर्बादी उन्मुख (एमाले) उपमहासचिव गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, १४ पुस




ने क पा एमाले गण्डकी प्रदेशको पहिलो बैठक शुक्रबार पोखरामा सम्पन्न भएको छ । बैठकलाई सम्बोधन गर्दै ने क पा एमाले उपमहासचिब पृथ्वी सुब्बा गुरुङले पार्टी काम ब्यबस्थित बनाउन उत्कृष्ट कार्ययोजना सहित अगाडि बढ्न आग्रह गर्दै उत्कृष्ट पार्टी निर्माणमा प्रभाबकारिताका साथ लाग्न आग्रह गर्नु भयो।उप महासचिब गुरुङले समृद्धिको मोडलमा देशलाई एमालेले मात्रै हिडाउन सक्ने कुरा बर्तमान सरकारका कार्यशैलीले प्रमाणित गरेको उल्लेख गर्नुभयो ।

देशलाई बर्तमान सरकारले बिगतको एक बर्षमा कुनै उल्लेख्य काम गर्न नसक्दा देशमा निराशा बढ्दै गएको भन्दै देश नै बर्बादीतिर उन्मुख गराएको जिकिर गर्नुभयो उहाँले आम जनताको चाहना र इच्छा बुझेर काम गर्न आग्रह गर्नुभयो ।

एमाले सचिब तथा गण्डकी प्रदेशका इन्चार्ज गोकर्ण बिष्टले कार्यकर्ता र सबै नेताहरू सुदृड पार्टी निर्माणमा हर तरहले लाग्न आग्रह गर्दै सबल र सक्षम कार्यकर्ता निर्माण मार्फत सुखी नेपाली समृद्ध नेपालको अभियान पूरा हुने जिकिर गर्नुभयो । बिष्टले हर पार्टी कमिटीहरू चलायमान बनाउदै पार्टीको समय सापेक्ष नयाँ उचाइ निर्माणमा लाग्न आग्रह गर्नुभयो । बैठकमा सो पार्टीका स्थायी कमिटी सदस्य खगराज अधिकारीले मिसन ८४ को अभिष्ट पूरा गर्न सम्पूर्ण पार्टी कमिटी र सदस्यहरू एकमाना एकता सहित कटिबद्धताका साथ लागि पर्न आग्रह गर्नुभयो। अधिकारिले लोकतान्त्रिक गणतन्त्रको कुनै बिकल्प नभएको भन्दै अनेकन अफबाहलाई चिर्दै जनताको बिचमा जानू पर्ने उल्लेख गर्नुभयो । बैठकले पार्टी कमिटिका सदस्यहरूको कार्य बिभाजन गरेको छ ।जस अनुसार गण्डकी प्रदेशका निर्बाचन क्षेत्र ,भुगोल जिल्ला ,पालिका , जनबर्गिय संगठन सहित विभिन्न बिभागिय जिम्मेवारी

बाँकी अन्तिम पृष्ठमा ▶▶

## आर्थिक समृद्धिका लागि महिला उद्यमशीलतामा जोड दिन आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, १४ पुस

आर्थिक समृद्धिका लागि महिलालाई उद्यमशील बनाउन नीतिगत तहबाट विशेष कार्ययोजना हुनुपर्नेमा पर्यटन व्यवसायी महिलाले जोड दिएका छन् ।

पोखरामा इयु नेपाल ट्रेड एन्ड इन्भेष्टमेन्ट कार्यक्रमको आयोजना र महिला पर्यटन व्यवसायी मञ्च (ओटेफ)को समन्वयमा पोखरामा गण्डकी प्रदेशको सेवा क्षेत्रमा महिला उद्यमीका लागि लगानी पूर्वाधार तयारी विषयक कार्यक्रममा सहभागी पर्यटन व्यवसायीले महिलाले सो कुरामा जोड दिनुभएको हो । कार्यक्रममा सहभागी पर्यटन व्यवसायी शर्मिला न्यौपानेले राज्यले कनिका छरे जस्ता टुक्रे कार्यक्रममा महिलालाई भुलाइराखेको र नतिजामुखी कार्यमा ध्यान नदिएको बताउनुभयो । "राज्यले सामाजिक न्याय र समानताका लागि उद्यमशीलतामा महिलालाई प्रेरित गर्न लैङ्गिकतामा आधारित लगानीमैत्री वातावरण तयार गर्नुपर्छ, तर सरकार भएको अनुभुति छैन", न्यौपानेले भन्नुभयो । उहाँले महिला सशक्तिकरणका लागि आएको बजेट कहाँ र कसरी खर्च हुन्छ भन्नेसमेत थाहा नहुने बताउनुभयो । पर्यटन व्यवसायीसमेत रहनुभएकी गण्डका प्रदेशसभा सदस्य देवका पहारीले महिलामैत्री वातावरणको अभावले महिलाले आयआर्जनमा जोडिने अवसरबाट वञ्चित हुनुपरेको बताउनुभयो । उहाँले महिला उद्यमशीलताका लागि लगानीको वातावरण, व्यवसायमा प्रेरित गर्ने नीति, उत्पादनको बजारीकरणको सुनिश्चितता, महिलाको रुचि, दक्षता क्षमताअनुसारको तालिमको खाँचो औँल्याउँदै आफूले निरन्तर आवाज उठाइरहेको बताउनुभयो ।

कायर्क्रममा प्रोफेसर डा चन्द्रा भद्राले महिला उद्यमशीलतासम्बन्धी हालसम्म भएका पहल र नीतिगत तहबाट ऐतिहासिक विश्लेषण गर्दै महिलाको क्षमता तथा दक्षताको मूल्याकङ्न अझै पनि राज्यस्तरबाट हुन नसकेको बताउनुभयो । उहाँले महिलाको श्रम अर्थमा रुपान्तरण नहुँदा उनीहरूलाई गृहिणीको दर्जा लिएर अवमूल्यन गरिएको बताउनुभयो । उहाँले ७५ जिल्लामा नै स्थापना भएको महिला तथा बालबालिका विकास कार्यालय खारेज हुँदा महिलाका मुद्दा केन्द्रित कार्यक्रम हुन नसकेको उहाँको भनाइ थियो । उहाँले लैङ्गिकमैत्री अवधारणाप्रति राज्य अझै संवेदनशील हुन नसक्दा विभिन्न कारणले महिला विभेद भोग्न बाध्य भएको बताउनुभयो । पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले पोखरामा पर्यटन बहुआयामिक क्षेत्र भएकाले महिलालाई उद्यमशीलतामा प्रेरित गर्न थुप्रै सम्भावना भएको बताउनुभयो । पछिल्लो समय पोखराको पर्यटन प्रवर्द्धन र गुणस्तरीय सेवा प्रवाहमा महिला पर्यटन व्यवसायीको योगदान अतुलनीय रहेको जनाउँदै उहाँले अझै सशक्तिकरणको खाँचो औँल्याउनुभयो ।

ओटेफका सल्लाहकार पम्फा पहारीले संस्थाको स्थापनासँगै सामूहिक आवाजले गति लिन थालेको बताउनुभयो । उहाँले विभिन्न तालिमले महिलाको आफ्नो पहिचान स्थापित हुने र व्यवसाय अग्रसरता देखाउने तथा आफ्नै नाममा व्यवसाय दर्ता गरेर व्यावसायिक पाइला अगाडि बढाउन सफल भएको बताउनुभयो । संस्थाका अध्यक्ष उमा भण्डारी रेग्मीले विभिन्न व्यवसायमा आबद्ध महिलालाई सशक्तिकरणका लागि विभिन्न कार्यक्रम गरिँदै आएको बताउनुभयो । उहाँले २०७४ सालमा पोखरामा पहिलोपटक महिला पर्यटन व्यवसायी सङ्गठित भएर संस्था स्थापनापश्चात महिलामा उद्यमशीलता प्रतिको जागरण पनि बढ्दै गएको बताउनुभयो । उहाँले महिला उद्यमीको क्षमता अभिवृद्धि र दिगो वित्तीय व्यवस्थापनमा राज्यले ध्यान दिनुपर्ने बताउनुभयो । युरोपियन युनियनकी प्रतिनिधि दिपाञ्जली श्रेष्ठले गण्डकी प्रदेशको तथ्याङ्कमा करिब ४५ प्रतिशत महिलामात्र आत्मनिर्भर भएको जानकारी गराउनुभयो । कार्यक्रममा संस्थाका महासचिव लक्ष्मी लामिछानेले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो ।

## बालकुमारी घटनाको छानबिन सुरु भइसक्यो : गृह मन्त्रालय

**रासस**
काठमाडौं, १४ पुस

सरकारले ललितपुरको बालकुमारीमा घटनाको निष्पक्ष छानबिनका लागि एक उच्चस्तरीय समिति गठन भई कार्यारम्भ गरिसकेको स्पष्ट पारेको छ।

सो घटनाको छानबिन गर्न गृह मन्त्रालयले गठन गरेको छानबिन समितिको प्रतिवेदन अनुसार पूर्णरुपमा कार्यान्वयन गर्ने विश्वाससमेत दिलाएको छ । शुक्रबार ललितपुरको बालकुमारीस्थित इपिएस कोरिया शाखा कार्यालयमा परीक्षा फाराम भर्नेविषयलाईलिएरभएकोप्रदर्शनका समयमा हुन गएको अप्रत्याशित घटनामा अछाम चौरपाटी गाउँपालिका-१ का वीरेन्द्र शाह र दैलेख महाबु गाउँपालिका-६ का सुजन राउतको मृत्यु भएको गृह मन्त्रालयले स्पष्ट पारेको छ । सो घटनाका सम्बन्धमा गृह मन्त्रालयले निधन भएकाहरु श्रद्धाञ्जलि अर्पण गर्दै शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गरेको छ। सरकारका तर्फबाट मृतकका परिवारलाई प्रतिपरिवार रु दश लाख राहत उपलब्ध गराउने निर्णय आजैको मन्त्रिपरिषद्को

बाँकी अन्तिम पृष्ठमा ▶▶

## सडक महोत्सवमा रौनक बढ्दो

**पोखरापत्र संवाददाता**
पोखरा, १४ पुस



पोखरामा जारी सडक महोत्सवमा रौनक बढ्दै गएको छ । महोत्सवको तेश्रो दिन देखि महोत्सवमा आन्तरिक पर्यटकहरुको उत्साहजनक रुपमा सहभागिता रहेको आयोजक रेवान पोखराले जनाएको छ।

सडक महोत्सवमा विहानै देखि आन्तरिक पर्यटकहरुको चहल पहल भएको रेवान पोखराका अध्यक्ष नरेश भट्टराईले बताए। यस बर्ष आफुहरुले केही फरक ढंगले महोत्सव मनाउने गरी तयारी गरे अनुसारको ५ दिने महोत्सवमा करिब ४ लाख बढी पर्यटक भित्राउने लक्ष्य राखेको उनले सुनाए।

२५ औं पोखरा सडक महोत्सवमा खेलकुदका विभिन्न कार्यक्रमहरु सम्पन्न भएका छन् । शनिबार बिहान फेवातालमा भएको खुल्ला डुङ्गा दौड प्रतियोगितामा स्विमङपुल घाट 'ए' ले प्रथम, गौरीघाट द्धितिय तथा बाराहीघाट तृतीय भए। प्रतियोगितामा प्रथम हुनेले नगद २० हजार, द्धितियले नगद १० हजार तथा तृतीयले नगद ५ हजार सहित प्रमाणपत्र पुरस्करा प्राप्त गरे । विजयी टोलीलाई रेवान पोखराका पूर्वाध्यक्ष गणेशबहादुर भट्टराई, पोमनपा वडा नम्बर ६ का पूर्व वडा सदस्य हरि पहारी, कार्यक्रम संयोजक बिरेन्द्र लामा लगायतले पुरस्कार वितरण गरेका थिए।

त्यसअघि भएको संस्थागततर्फको प्रतियोगितामा टान गण्डकी प्रथम, रेवान पोखरा द्धितिय तथा नेपाल टुरिजम भ्यान एशोसिएसनले तृतीय स्थान हाँसिल गरेका थिए । सडक महोत्सवमै भएको वेटर रेसमा बेन्जन रेष्टुरेण्टका रेशमबहादुर अर्याल प्रथम, चिल्ली बारका सुनिल गुरुङ्ग द्धितिय तथा बेन्जनकै सौरभ ठकुरी तृतीय भए । उनीहरुले क्रमश नगद १० हजार, ७ हजार र ५ हजार सहित प्रमाण पत्र पुरस्कार प्राप्त गरे। वेट्रेसफर्त बेन्जनकी मोनिका नेपाली प्रथम, बेन्जनकै माया घले द्धितिय तथा बेलिफका रश्मी तिवारी तृतीय भइन्। उनीहरुले नगद ७ हजार, ५ हजार र ३ हजार नगद सहित प्रमाण पत्र पुरस्कार प्राप्त गरे। विजेतालाई प्रायोजक कोकाकोला कम्पनीका प्रतिनिधी, रेवान पोखराका पूर्वाध्क्ष बलराम पहारी लगायले पुरस्कृत गरे । मःम खाने प्रतियोगितामा पुरुषतर्फ प्रकास गुरुङ्ग प्रथम, गोबिन गाहा द्धितिय तथा खगेन्द्र अर्याल तृतीय भए। महिलातर्फ मिसु पुन प्रथम, सीता नेपाली द्धितिय तथा विष्णु थापा मगर तृतीय भए । उनीहरुलाई रेवान पोखराका पूर्वाध्यक्ष भिमसेन भुजेल, महोत्सव संयोजक विश्वराज पौडेल लगायतले विशेष पुरस्कार प्रदान गरे।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# प्रथम पोखरा तेक्वान्दो च्याम्पियनसिप प्रतियोगिता शुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १४ पुस

पोखरामा प्रथम खुल्ला आमन्त्रित पोखरा तेक्वान्दो च्याम्पियनसिप प्रतियोगिता शुरु भएको छ।

अञ्जुली आईटिएफ तेक्वान्दो दोजाङको आयोजना तथा अञ्जुली आवसिय विद्यालयको सहआयोजनामा भएको प्रतियोगितामा गण्डकी प्रदेशबाट २ सय ५ जना खेलाडिले सहभागिता जनाएका छन् । प्रतियोगितामा कास्की, लमजुङ, तनहु, स्याङ्जा, वाग्लुङ, पर्वत, म्याग्दी १८ दोजाङहरुको सहभागितामा २६ वटा विधामा प्रतियोगिता भएका कार्यक्रम संयोजक तथा नेपाल आईटिएफ तेक्वान्दो संघ गण्डकी प्रदेशका सदस्य विशाल बुढामगरले जानकारी दिए । शनिबार मात्र ११ विधा सम्पन्न भएको उनले जानकारी दिए । प्रतियोगितामा प्याट्रन पुरुषमा पहेलो पेटी तर्फ अनुप तिवारी (वाराही दोजाङ), हरियो पेटी तर्फ सुजना सिर्पाली (वाराही दोजाङ), निलो पेटी तर्फ पितर तामाङ (अञ्जुली दोजाङ), रातो पेटी तर्फ प्रतिक राइ (वाराही दोजाङ), विजय भएका छन् । महिला पहेलो पेटी तर्फ स्मारीका



थापा (अञ्जुली दोजाङ) हरियो पेटी तर्फ आरजु थापा (भिमाद दोजाङ), निलो पेटी तर्फ सालका श्रेष्ठ (रिशिङ पाटन), रातो पेटी तर्फ मनिषा केसी (अञ्जुली दोजाङ), स्पाईरिङ पुरुष तर्फ २०–२५ तौल समूहका विवेक विके (भिमाद दोजाङ), महिला तर्फ २०–२५ तौल समूहका प्रगती छन्त्याल (अञ्जुली दोजाङ) २५–३० तौल समूहका यमुना गन्धर्व (नव प्रभात), ३०–३५ तौल समूह आकृती शाहा (रिसिङ पाटन), ३५–४० तौल समूहका सलाका श्रेष्ठ (रिसिङ पाटन) विजयी भएका छन् ।

खेलाडीहरुले प्याट्रनतर्फ पहेँलो, हरियो, हरियो, निलो ,निलो, रातो पेटीको लागि प्रतिस्पिर्धा गरिएको छ । त्यसैगरि स्पाईरिङ तर्फ २०-२५, ३०-३५, २५-३०, ३५-४०, ३०-३५, ४०-४५, ३५-४०, ४५-५०, ४०-४५, ५०-५५, ४५-५०, ५०-५५ , ५५-६०, ६० के.जी. तौल समुहमा प्रतिस्पिर्धा रहेको संयोजक बुढामगर जानकारी दिए । खेल पर्यटन मार्फत पोखरालाई प्रवद्धन गर्ने,प्रतिभावान खेलाडीहरुको पहिचान, खेलाडीहरुको थप स्तर अभिवृद्धि तथा कदर गर्ने,सफल तथा असल खेलाडी बन्ने हौसला प्रदान गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको आयोजकले जनाएको छ । पोखरा वगरमा रहेको अञ्लुली आवसिय माविमा भएको उक्त प्रतियोगिताको समापन आइतबार हुने छ।

# अहिलेको ...

तोकेको सचिब धनन्जय दवाडी जानकारी दिनुभयो। सचिब दवाडीका अनुसार पार्टीबाट निर्बाचित स्थानिय तहका जनप्रतिनिधिहरूलाइ प्रशिक्षण सहित प्रथम अधिबेशनबाट निर्बाचित चालीस बर्षमुनिका कमिटी सदस्यहरूलाइ नेतृत्व बिकास कार्यशाला समेत आयोजना गर्ने निर्णय भएको छ।

बैठकले जनबर्गिय संगठनको अधिबेशन माघ भित्र तथा जिल्ला अधिबेशन चैत्र भित्र सम्पन्न गर्ने निर्णय गरेको उप सचिब तथा प्रचार तथा प्रकाशन बिभाग प्रमुख मन्जु अधिकारीले उल्लेख गर्नुभयो । बैठकले पार्टीको प्रदेश कार्यालय संचालनका लागि भवन किन्ने निर्णय गरेको छ भने पहिलो अधिबेशनबाट निर्बाचित छुट सदस्यहरूको सपथ समेत सम्पन्न गरेको अधिकारीले जानकारी दिनुभयो । ने क पा एमाले गण्डकी प्रदेश कमिटीका अध्यक्ष नवराज शर्माको अध्यक्षतामा बैठक सम्पन्न भएको थियो ।

# गण्डकीका रेडक्रसकर्मीलाई एक दिने प्रशिक्षण सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १४ पुस

नेपाल रेडक्रस सोसाइटी गण्डकीको आयोजनामा तथा ब्रिटिश रेडक्रसको सहयोगमा रेडक्रसकर्मीहरूका लागि एक दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।

विपद्को क्षेत्रमा काम गदै आएका रेडक्रसकर्मीका लागि ब्रिटिश रेडक्रसको सहयोगमा नगद तथा भौचर सहायता सम्बन्धी अभिमुखिकरण तालिम दिइएको हो । कार्यक्रममा विपद्का बेला वितरण गरिने नगद राहतको व्यवस्थापन र वर्तमान अवस्था वारे छलफल भएको नेपाल रेडक्रस गण्डकीका अध्यक्ष सूर्य ढकालले जानकारी दिए ।

अभिमुखिकरण कार्यक्रम सुरुहुनु पहिलो भएको उद्याटन सत्रमा बोल्दै नीति तथा योजना आयोग गण्डकीका उपाध्यक्ष कृष्ण देवकोटाले प्रदेशको नीति योजनामा रेडक्रसलाई समेटेर



लैजाने आश्वासन दिए । विपद्मा रेडक्रसले गरेको कामलाई स्मरण गदै उनले प्रदेश सरकार दोस्रो पञ्चवर्षीय योजना बनाउने क्रममा रहेको र आवश्यक राय दिन पनि आग्रह गरें । गण्डकी अध्यक्ष ढकालले रेडक्रससँग नियमित आर्थिक स्रोत नभएकाले सरकारले सहयोग गर्नुपर्ने बताए । ब्लड बैंक संचालनमा समेत रेडक्रसलाई आर्थिक स्रोतको अभाव रहेको र मेसिनहरु बिग्रदा मर्मत गर्न समस्या हुने गरेको बताए ।

उनले प्रदेशमा कम्तिमा पनि तीन स्थान (लमजुङ, नवलपुर र बागलुङ)मा गोदाम घर राख्नुपर्ने बताए । कार्यक्रममा रेडक्रस सोसाइटीका केन्द्रीय सदस्य दिनेश अर्याल, विपद् व्यवस्थापन समिति संयोजक हरिबन्धु अर्याल, रामदत्त पौडेल लगायतले बोलेका थिए । कार्यक्रममा लुम्बिनी, बागमती र गण्डकीका गरेर ३० जनाको सहभागीता रहेको थियो ।

# बोट रेसमा स्विमिङपुलघाट विजयी

**पोखरापत्र संवाददाता**
पोखरा, १४ पुस

रेवान पोखराद्वारा आयोजित २५ औं पोखरा सडक महोत्सवमा खेलकुदका विभिन्न कार्यक्रमहरु सम्पन्न भएका छन् ।

शनिबार बिहान फेवातालमा भएको खुल्ला डुङ्गा दौड प्रतियोगितामा स्विमङपुल घाट ‘ए’ ले प्रथम, गौरीघाट द्धितिय तथा बाराहीघाट तृतीय भए । प्रतियोगितामा प्रथम हुनेले नगद २० हजार, द्धितियले नगद १० हजार तथा तृतीयले नगद ५ हजार सहित प्रमाणपत्र पुरस्करा प्राप्त गरे । विजयी टोलीलाई रेवान पोखराका पूर्वाध्यक्ष गणेशबहादुर भट्टराई, पोमनपा वडा नम्बर ६ का पूर्व वडा सदस्य हरि पहारी, कार्यक्रम संयोजक बिरेन्द्र लामा लगायतले पुरस्कार वितरण गरेका थिए । त्यसअघि भएको संस्थागततर्फको प्रतियोगितामा टान गण्डकी प्रथम, रेवान पोखरा द्वितिय तथा नेपाल टुरिजम भ्यान एशोसिएसनले तृतीय स्थान हाँसिल गरेका थिए । सडक महोत्सवमै भएको



वेटर रेसमा बेन्जन रेष्टुरेण्टका रेशमबहादुर अर्याल प्रथम, चिल्ली बारका सुनिल गुरुङ्ग द्धितिय तथा बेन्जनकै सौरभ ठकुरी तृतीय भए । उनीहरुले क्रमश नगद १० हजार, ७ हजार र ५ हजार सहित प्रमाण पत्र पुरस्कार प्राप्त गरे । वेट्रेसफर्त बेन्जनकी मोनिका नेपाली प्रथम, बेन्जनकै माया घले द्धितिय तथा बेलिफका रश्मी तिवारी तृतीय भइन् । उनीहरुले नगद ७ हजार, ५ हजार र ३ हजार नगद सहित प्रमाण पत्र पुरस्कार प्राप्त गरे । विजेतालाई प्रायोजक कोकाकोला कम्पनीका प्रतिनिधी, रेवान पोखराका पूर्वाध्क्ष बलराम पहारी लगायले पुरस्कृत गरे ।

म:म खाने प्रतियोगितामा पुरुषतर्फ प्रकास गुरुङ्ग प्रथम, गोबिन गाहा द्धितिय तथा खगेन्द्र अर्याल तृतीय भए । महिलातर्फ मिसु पुन प्रथम, सीता नेपाली द्धितिय तथा विष्णु थापा मगर तृतीय भए । उनीहरुलाई रेवान पोखराका पूर्वाध्यक्ष भिमसेन भुजेल, महोत्सव संयोजक विश्वराज पौडेल लगायतले विशेष पुरस्कार प्रदान गरे ।

# बालकुमारी...

बैठकले गरिसकेको छ । छानबिन समितिले काम गरिरहेकाले सो समितिले दिने प्रतिवेदनअनुसार कार्यान्वयन गरिने भएकाले छानबिन समितिको कामलाई वस्तुनिष्ठ बनाउन घटनास्थलान खटिएका सुरक्षा अधिकारीलाई फिर्ता बोलाई निलम्बन गरिएको छ । ललितपुरका प्रहरी नायब उपरीक्षक उमेश लम्साल र भौतिक पूर्वाधार तथा यातायातमन्त्रीको सुरक्षामा खटिएका व्यक्तिगत सुरक्षा अधिकृत प्रहरी सहायक निरीक्षक बोधराज दनुवारलाई निलम्बन गर्ने निर्णय गरिएको गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो ।

त्यस्तै, इपिएस कोरिया शाखा कार्यालयका निर्देशक गुरुदत्त सुवेदीलाई निलम्बन गर्ने निर्णय भइसकेको छ । ललितपुरका प्रमुख जिल्ला अधिकारीलाई गृह मन्त्रालयमा र जिल्ला प्रहरी परिसर ललितपुरका प्रहरी वरिष्ठ उपरीक्षकलाई नेपाल प्रहरी प्रधान कार्यालयमा फिर्ता गरिएको छ । घटनाका सन्दर्भमा गृह मन्त्रालय अत्यन्त संवेदनशील रहेको स्पष्ट पार्दै विज्ञप्तिमा उक्त घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै आफ्ना विषय शान्तिपूर्ण रुपमा राख्न पाउने अधिकारको सुनिश्चितता प्रदान गर्न सरकार निरन्तर लागि परेको स्पष्ट पारेको छ ।

# फेब्रिकेटर्सको रजत जयन्तीमा रक्तदान र आँखा परिक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, १४ पुस

पोखरा स्टिल फेब्रिकेटर्स एशोसिएसन कास्कीले रजत जयन्ती अवसरमा शनिबार रक्तदान कार्यक्रम र निशुल्क आँखा परिक्षण शिविर कार्यक्रम गरेको छ ।

कार्यक्रममा ३० यूनिट रगत संकलन भएको छ भने एक सय भन्दा बढि व्यक्तिले निशुल्क आँखा परिक्षण गरे ।

पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्कीले पहिलो रक्त दाता एशोसिएसनका पुर्व अध्यक्ष कृष्ण तिवारीलाई ब्लड ब्याग दिएर कार्यक्रम शुभारम्भ गरेका थिए ।



पोखरा स्टिल फेब्रिकेटर्स एशोसिएसन कास्कीका अध्यक्ष वासुदेव पौडेलको अध्यक्षतमा भएको कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी कास्की प्रादेशीक रक्तसञ्चारका प्रमुख अर्जुन ज्ञवाली, कार्यक्रम संयोजक तथा संस्थाका वरिष्ठ उपाध्यक्ष वसन्त रेग्मी लगायत वोलेको कार्यक्रममा कार्यसमिति सदस्य गणेश प्रसाद बाँस्तोलाले स्वागत र संस्थाका महासचिव भिम प्रसाद आचार्यले संचालन गरेक थिए । उद्योगका मजदुरहरुलाई लक्षित गरी राखिएको आँखा परिक्षिणमा निशुल्क औषधी पनि वितरण गरिएको एशोसिएसनका उपाध्यक्ष विष्णुकुमारी वाँस्तोलाले पोखरापत्रलाई वताइन् ।

# कांग्रेस केन्द्रीय समितिको बैठक सम्पन्न


**रासस**
काठमाडौं, १४ पुस

सत्तारुढ दल नेपाली कांग्रेसको केन्द्रीय कार्य समितिको बैठक सम्पन्न भएको छ । पार्टी केन्द्रीय कार्यालय सानेपामा यही पुस १२ गतेदेखि जारी बैठक सम्पन्न भएको हो ।

बैठकले पार्टीको तर्फबाट राष्ट्रियसभामा प्रतिनिधित्व गर्ने उम्मेदवारको निश्चित मापदण्ड निर्धारण गर्ने, महासमितिको बैठक परिमार्जित मिति अनुमोदन गर्ने र समुदायमा कांग्रेस अभियानलाई आगामी माघ ७ गतेदेखि २२ गतेसम्म सञ्चालन गर्ने निर्णय गरेको पार्टी सूचना, सञ्चार तथा प्रचार विभागका प्रमुख मीन विश्वकर्माले जानकारी दिनुभयो ।

यस्तै, बैठकले जाजरकोट भूकम्पमा पार्टीले एक हजार घर बनाउने निर्णय गरेकोमा उक्त घर निर्माणमा सहयोग गर्ने आम कांग्रेसका नेता तथा कार्यकर्तालाई धन्यवाद दिएको छ । सुशासनको क्षेत्रमा देखिएका केही समस्यालाई केन्द्रीय समितिले उजागर गरेको र जनतालाई सुशासन प्रत्याभूती हुने खालका सेवा प्रदान गर्न सरकारसँग माग गरेको छ ।

कांग्रेसले शुक्रबार बालकुमारी घटेको घटनाको सत्यतथ्य छानबिन गरी पीडितका परिवारलाई क्षतिपूर्ति दिने, घाइतेको उपचार गर्ने र परिवारजनमा परेको क्षतिका बारेमा राज्यले विशेष निर्णय लिन बैठकले माग गरेको विश्वकर्माले बताउनुभयो ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ ।
महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# ल्होसार(ल्होछार)को शुभकामना

बसोवास गर्ने विभिन्न जातजातिले नयाँ बर्ष मनाउने आ-आफ्नै प्रचलन छ । पुस १५ गतेलाई गुरुङ जातिले नयाँ वर्षको रुपमा मनाउने गर्दछन् । नयाँ वर्षलाई ल्होसारको रुपमा मनाउने गरिन्छ । विभिन्न धर्म, जातजातिले आफ्नो धर्म, संस्कति र प्रचलन अनुरुप नयाँ वर्ष मनाउने प्रचलनले नेपालको छुट्टै पहिचान दिने गरेको छ । तमु जातिले परापूर्व कालदेखि पुस १५ लाई वर्ग फेरिने दिनको रुपमा लिएका छन् । वर्ग फेरिने दिन नै नयाँ वर्षको रुपमा धुमधामसंग मनाउँदै आएका छन् । ह्वी(मुसा) वर्गलाई विदाई गरि मप्रि  गरुढ /चिल वर्गलाई स्वागत गरिएको छ । देशका विभिन्न ठाउँमा मात्र होइन संसारका विभिन्न ठाउँमा रहेका गुरुङहरुले भव्यताका साथ मनाउने गर्दछन्

एशिया महादिपका केहि मुलुकहरुमा नयाँ वर्ष ल्हो पद्धतिमा प्रचलित छ । ल्हो १२ वटा हुन्छन । विभिन्न १२ वटा पशुपंक्षीहरुको नामबाट १२ वटा ल्हो (वर्ग) को नाम रहेको छ । ल्हो वर्गलाई १२ वटा पशुपंक्षिको आधारमा वर्गिकरण गरिएको छ । च्यु (मुसा), लोङ (गाई/गोरु), तो (बाघ), हि (बिरालो/खरायो), मुप्री/प्हु (गरुड), प्हि/सप्रि (सर्प), त(घोडा), ल्हु (भेडा), प्र (बा“दर), च्ह्य (चरा), खि (कुकुर) र फो (मृग) वर्ग छन । ल्होसार मान्नु नै आफ्नो सांस्कतिक परम्परालाई मान्यता दिई समाजलाई व्यवस्थित गर्नु हो । ल्होसार मनाउने नेपाल मात्र नभई तिब्बत, चिन, भुटान र मंगोलिया आदि देशहरु छन् । चिनियाँ ज्योतिष शास्त्र र चाइनिज पात्रो अनुसार ल्होसार मनाउने गरिन्छ । ल्होसारलाई तोला, सोनाम, र ग्याल्वो तीन थरीले मनाउने गर्दछन् । पौष कृष्ण पक्षको प्रतिपदा दिनदेखि अर्थात पुस १५ देखि तोला ल्होसार मनाउने गरिन्छ । नेपालमा गुरुङले महान् चाडको रुपमा मनाउने ल्होसार तोला भनिन्छ । माघ शुक्ल पक्षको प्रतिपदा देखि तामाङ, थकाली, हेल्मो, शेर्पा आदि जातिले मनाउ“दछन । सोनाम ल्होसार मनाउनेको संख्या बढी छ । त्यस्तै ग्याल्वो ल्होसार नेपालमा रहेका तिब्बतीहरुले फाल्गुण कृष्णपक्षको प्रतिपदाको दिनदेखि मनाउने गर्दछन् । वर्गलाई ल्हो र फेरिनेकर्मलाई सार (छार) भनिन्छ । तमु जातिले मनाउने नया“ बर्ष (ल्होसार) प्रकृतिसंग पनि सम्बन्धित छ । पुस १५ लाई सबै भन्दा लामो रातको रुपमा लिने गरिन्छ । पुस १५ पछि दिन लम्बिने गर्दछ । सूर्य पृथ्वीको उत्तरी दिशाबाट दक्षिण पुगी उत्तर फर्कन्छ । दिन छोटो र रात लामो हुने दिन पुस १५ भएको हुंदा प्रकृति नियमसंग सम्बन्ध छ । तमुहरुले सूर्यलाई मानेको हु“दा पुस १५ को ल्होसार को आफनै महत्व रहेको छ ।

संघीय सरकारले तमु ल्होसार पुस १५ गते देशभरि र विदेश स्थित नियोगहरुमा सार्वजनिक विदा दिने निर्णय गरेको छ । गण्डकी प्रदेश सरकारले पनि सार्वजनिक विदा दिने निर्णय अघिल्ला वर्षदेखि गर्दै आएको थियो । नेपालमा ल्होसार कहिलेदेखि मनाउन थालियो भन्ने यकिन नभए पनि परापूर्वकालदेखि मनाउ“दै आएका छन् । गण्डकी प्रदेश गुरुङ जातिको ऐतिहासिक थाकथलोको रुपमा चिनिन्छ । गुरुङ जातिको उल्लेख्य बसोबास भएको हुँदा यस प्रदेशमा ल्होसारलाई विशेष भव्य रुपमा मनाउने गरिएको छ । संघ र प्रदेश सरकारले ल्होसारको महत्व बुझेर विदा दिने निर्णय गर्नु स्वागतयोग्य काम हो । नेपाल संघीयतामा गएको अनुभूति गर्ने मौका पनि प्रदेशमा बसोबास गर्ने मुख्य जातिको चार्ड पर्वलाई विशेष रुपले मनाउनु हो । सबै जाति र धर्मको चाड पर्व उत्तिकै महत्वपूर्ण छन् । तमुजातिले बन्धुहरुवीच शुभकामना आदानप्रदान, मान्यजनबाट आशिर्वाद लिने, चेलीवेटीलाई खुवाउने, आपसी सम्बन्ध बलियो बनाउने काममा ल्होसारलाई लिने गरिन्छ । विदेशमा रहेका गुरुङ जातिले आफ्नो संस्कृतिको जगेर्ना गर्न ल्होसार पर्व भव्य रुपले मनाउने गरेका छन् । देशमा विभिन्न स्थानमा पनि समारोह भएका छन् ।

नेपालको संविधान २०७२ ले धर्म निरपेक्ष राष्ट्र घोषणा गरेको छ । बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक मुलुक भएको हुँदा सबैले मनाउने चाडपर्वलाई राष्ट्रिय मान्यता दिएको छ । सबै धर्मालम्वी भाषाभाषीको सँस्कृतिलाई एकआपसमा शुभकामना आदानप्रदान गरेमा सद्भाव कायम हुन्छ । समाजमा सद्भाव बिगार्न खोज्नेहरुलाई सबैले तिरस्कार गर्दै सामाजिक एकता कायम गर्न अगुवाहरु नै सकृय हुनु पर्दछ । जातिय सद्भाव र मेलमिलाप कायम राख्न र सबै जातजातिको पर्व सबैले शुभकामना साटासाट गर्न हि वर्गले सबैलाई सद्बुद्धि देओस् भनि हामी देश विदेशमा रहनुभएका सम्पूर्णलाई शुभकामना दिन्छौ । ल्होसारले सबैलाई एकताको मालामा जोडिन सकोस् हार्दिक शुभकामना । आँशिमाला


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : अप्रत्यसित लाभ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : आर्थिक समस्या | धनु | : झमेला बड्ने |
| कर्कट | : मानसिक तनाब | मकर | : कार्यमा सफलता |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : मन चञ्चल |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# स्याङ्जाको गल्याङ्मा जन्मदर्ता गरे ५ हजार

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १४ पुस

स्याङ्जाको गल्याङ नगरपालिका ६ पिडीखोलास्थित कुभिण्डेकी सन्ध्या वि.क. छोरीको जन्मदर्ता गरेपछि निकै खुसी छिन् । छोरीको जन्मदर्तापछि बुझाएको कागजातको आधारमा नगरपालिकाले छोरीको नाममा बैंक खोलेर ५ हजार रुपैयाँ जम्मा गरी दिएपछि उनी निकै खुसी भएकी हुन् ।



उनी निकै खुसी हुनुको कारण ५ हजार रुपैयाँ नगद मात्रै थिएन् । छोरी जन्मिएपछि समाजमा हेलाको भाबमा हेरिने विगतका दृष्टिकोणमा आउने परिवर्तन लिएर उनी निकै खुसी थिईन् । छोरी जन्मदै हेलाहोचो गर्ने हाम्रो समाज, त्यसमाथि गरिबीले थलिएका दलित परिवारमा जन्मने छोरीको जीवन असाध्य पिडादायी हुने उनको भोगाई र बुझाई दुबै छ । "दलित परिवारमा होस वा अन्य परिवारमा जन्मेका छोरीको हकमा हालसम्म नगरपालिकाले केहि गरेको थिएन् ।" रोजगारीको लागि ५ वर्ष साउदी बसेर फर्केका सन्ध्याका श्रीमान यामबहादुरले भने, "यो वर्षदेखि जन्मेका छोरीको जन्मदर्ता गरेपछि ५ हजार रुपैयाँ नगद बैंकमा जम्मा गर्दा ठूलो राहतको महशुस गरेका छौं ।" पालिकाले अझ अति बिपन्न गरिबीको पहिचान गरेर पठनपाठनको व्यवस्था गर्नसके छोरीहरु थप सुरक्षित हुने उनको भनाई छ । नगरपालिकाले आर्थिक वर्ष २०८०/०८१ देखि सुरक्षित मातृत्वलाई बढ्वा दिन छोरी सुरक्षा अर्न्तगत 'नगरकी छोरी' कार्यक्रम मार्फत छोरी जन्मेको ३५ दिनमा जन्मदर्ता गराएपछि बालिकाकै नामको बैंक खातामा ५ हजार जम्मा गरिदिने अभियान शुरु गरेको छ ।

छोरा जन्मदा खुसी र छोरी जन्मदा बेखुसी हुने समाजको परम्परालाई अन्त्य गर्न अभियान शुरु गरेको नगर प्रमुख गुरुप्रसाद भट्टराईले बताए । "छोरी जन्मदा बेखुसी मात्रै होईनू, जन्मनै नदिने (भ्रुण हत्या) गर्ने रुढीबादी सोचलाई कम गर्दै लैजान यो अभियान गरेका छौं ।" प्रमुख भट्टराईले भने, "कार्यक्रमलाई प्रभाबकारी बनाउँदै बजेटको व्यवस्थापन गर्न सके बढि रकम दिने योजनामा छौं ।"

चालु आर्थिक वर्षदेखि शुरु भएको 'नगरकी छोरी' कार्यक्रमका लागि ५ लाख रुयैयाँ बजेट विनियोजन गरिएको पालिकाले जनाएको छ । अनुमानित बजेटको तुलनामा छोरी जन्मिने संख्यामा बृद्धि भएमा कार्यपालिकाको बैठकबाट थप बजेटको वयवस्थापन गर्ने गरी कार्यक्रम तय भएको हो । गल्याङ नगरपालिकामा अघिल्लो वर्ष मात्रै १ सय २६ छोरीको जन्म भएको थियो । पालिकामा चालु वर्षको हालसम्म ८१ जना छोरीको जन्म भएपनि जन्मदर्ता गरेर ५ हजार रुपैयाँ पाउनेमा ११ जना छोरीको बैंक खाता खोलिएको छ । बाँकी छोरीहरुको जन्मदर्ता र खाता खोल्ने क्रममै छ । छोरीहरुले ५ हजार रुपैयाँ पाउने भएपछि ३५ दिनभित्र जन्मदर्तासँगै अन्य घटनादर्ता गराउने अभियानलाई समेत टेवा पुग्ने पालिकाले विश्वास गरेको छ । मातृत्व सुरक्षणमा टेवा पुऱ्याउने उद्देश्यले नगरपालिकाले उप-प्रमुखको नेतृत्वमा सुत्केरी आमा भेटघाट कार्यक्रम संचालन गरेको छ । कार्यक्रम अर्न्तगत सुत्केरी आमा भेटघाटसँगै स्वास्थ्यकर्मीको सहयोगमा उनीहरुलाई आवश्यक पर्ने स्वास्थ्य सुरक्षा, पोषिलो खानपान र शिशु स्याहारका उपायहरुका बारेमा जानकारी दिने गरिएको उप-प्रमुख हेमा न्यौपाने बताईन । स्थानीय सरकार बनेको झण्डै ७ वर्षपछि आफैले छोरी जन्माउँदा बल्ल सिहदरबारको अधिकार, घर-घरमा भन्ने अनुभूति गरेको गल्याङ १ मालुङ्गाकी माया अधिकारीले बताईन् । पालिकाले छोरीलाई ५ हजार दिनु र सुत्केरी भेटघाट कार्यक्रमले महिलाहरु स्वास्थ्यप्रति सजग बन्दै गएको अधिकारीले सुनाईन् ।

# दोश्रो राष्ट्रिय तथा पोखरा मेयर कप ब्याडमिन्टन प्रतियोगिताको उपाधि प्रिन्स र रशिलाले जिते

**पोखरापत्र संवाददाता**
पोखरा, १४ पुस

दोश्रो राष्ट्रिय तथा पोखरा मेयर कप ब्याडमिन्टन प्रतियोगिताको उपाधि प्रिन्स दाहाल र रशिलाले महर्जनले जितेका छन् ।




कास्की जिल्ला ब्याडमिन्टन संघको आयोजना, पोखरा महानगर पालिकाको मुख्य प्रायोजन तथा नेपाल पर्यटन बोर्ड पोखराको प्रवर्द्धनमा शनिबार सम्पन्न प्रतियोगितामा मेन्स ओपन सिंगल्सतर्फ प्रिन्स र उमेन्स सिंगल्सतर्फ रशिलाले उपाधि जितेका हुन् । उपाधि संगै उनीहरुले समान नगद रु ५०-५० हजारका साथमा ट्रफि, मेडल तथा प्रमाणपत्र हात पारे । मेन्स सिंगल्सतर्फको भिडन्तमा नेपाल नं २ र्‍याकिङ एपिएफका प्रिन्सले त्रिभुवन आर्मी क्लवका नेपाल नं ३ र्‍याकिङ खेलाडी प्रफुल महर्जनलाई २१-१७, २१-११ को सोझो सेटमा पराजित गरी उपाधि जितेका हुन् । त्यसै गरी प्रतियोगितामा नेपाल पुलिस क्लवका विष्णु कटुवाल र एपिएफ क्लवका क्षितिज खनाल तेश्रो भएका छन् । उपविजेता प्रफुलले नगद २० हजार तथा विष्णु र क्षितिजले ट्रफि, मेडल र प्रमाणपत्रका साथमा जनही समान नगद १०-१० हजार हात पारे । महिला सिंगल्सको फाइनलमा नेपाल १ र्‍याकिङ त्रिभुवन आर्मी क्लवकी रशिलाले आर्मीकै अनुमाया राईलाई २१-१२, २१-१५ ले हराइन् । त्यसै गरि प्रतियोगितामा आर्मीकी अमिता गिरी र कस्तुरी कलेजकी सिमा राजवंशी भएका छन् । उपविजेता अनुमायाले नगद २० हजार तथा अमिता र सिमाले ट्रफि, मेडल र प्रमाणपत्रका साथमा जनही समान नगद १०-१० हजार हात पारे । त्यसै गरी ब्वाइज यू-१७ तर्फ एपिएफका अरुण अधिकारीले आर्मी कलवका अभय महरालाई २१-१३, २१-१४ को सोझो सेटमा पराजित गरी प्रथम भएका छन् भने आर्मीका कविर केसी र सोही क्लवका सुविन श्रेष्ठ तेश्रो भए । गर्ल्स यू-१७ तर्फ कास्कीकी दिलाशा रानाले आर्मीकी रिहाना शेरचनलाई २१-१५ र २१-१७ को सोझो सेटमा पराजित गरी प्रथम हुँदा सुर्खेतकी दिपिका रोकाया र एमविएफकी निभा राई तेश्रो भएका छन् ।

प्रतियोगिता अन्तर्गत नै मेन्स डबल्स फाइनलमा एपिएफका प्रिन्स दाहाल विजित थापा मगरको जोडीले सोही क्लवका क्षितिज खनाल देवराजरानालाई २१-१८, २१-१७ को सोझो सेटमा पराजित गरी प्रथम भएका छन् भने तेश्रो स्थान एपिएफको जोडी प्रनिश सिंह ठकुरी र सुजन थापा तथा नेपाल पुलिस क्लवका जिवन आचार्य र विष्णु कटुवालको जोडीले प्राप्त गर्न सफल भए । यस्तै उमेन्स डबल्स तर्फको फाइनलमा आर्मी क्लवका जोडी अमिता गिरी र रशिला महर्जनले आर्मी र कस्तुरी कलव सम्मिलित जोडी अनुमायाँ राई र सिमा राजवंशीलाई २१-१०, १०-२१ र २१-१७ ले पराजित गरेका छन् भने प्रतियोगितामा कास्कीका याम कुमारी गुरुङ र दिलाशा राना तथा झापा र बेल्टारका अन्जना राई र रोजीराईले तेश्रो स्थान हात पारे । मिक्स डबल्स तर्फको फाइनलमा आर्मीका प्रफुल महर्जन र रशिला महर्जनले एपिएफका प्रिन्स दाहाल र रिना तामाङलाई २१-१३ र २१-१४ ले पराजित गरेका छन् । सोही इभेन्टमा बुटवल र कास्कीका जोडी गणेश रायमाझी र दिलाशा राना तथा कास्कीकै विशाल खड्का र याम कुमारी गुरुङको जोडी तेश्रो भएको छ । ब्याइज सिंगल्स यू-१२ तर्फको फाइनल तनहुँका सफल भुजेलले एपिएफका आरुष सिम्खडालाई २१-१२ र २१-१३ ले हराएका छन् । सोही इभेन्टमा आर्मीका सुदेश राजकोटी र कन्चनपुरका आशिष खत्री तेश्रो भएका छन् । गर्ल्स सिंगल्स यू-१२ मा दिपक बोहरा एकेडेमीका अस्मिता खत्रीले क्लव मध्यपुरकी स्वर्लिन श्रेष्ठ विरुद्ध फाइनलमा १७-२१, २१-१२, २४-२२ ले जित्दा म्याग्दीकी त्रिटिना सुवेदी र कास्कीकी सेरीन प्रधानाङ्गले तेश्रो स्थान हासिल गरे । मेन्स डवल्स ३५ वर्ष माथी मास्टर्समा कास्की र आर्मी क्लवका विशाल खड्का र सुरज महर्जनको जोडीले कास्की र नेपाल पुलिस क्लवका जोडी होम गुरुङ र विष्णु कटुवाललाई २१-१७, २१-१९ ले फाइनलमा पराजित गरे ।

प्रतियोगितामा कास्कीका इच्छा गुरुङ र शम्भु कुमार श्रेष्ठ तथा चितवन र नवपलुरका जोडी विधान गुरुङ र केवल श्रेष्ठ तेश्रो स्थान प्राप्त गरे । मेन्स डवल्स ४५ वर्ष माथी मास्टर्समा कास्की र पर्वतको जोडी डोलराज आले र प्रेम गुरुङले कास्कीको जोडी खेलाडी राजेश गुरुङ र शम्भु कुमार श्रेष्ठलाई २१-१९, १९-२१, २१-१९ ले पराजित गरे । त्यस्तै कास्की र तनहुँको जोडी रामशरण केसी र मान बहादुर राना तथा कास्कीका नर बहादुर गुरुङ र विशाल हिराचनको जोडी तेश्रो भए । प्रतियोगिता अन्तर्गत नै भएको ५५ वर्ष माथी मास्टर्स डबल्समा कास्कीको जोडी विर बहादुर आले र राजेन्द्र गुरुङले फाइनल प्रतिस्पर्धामा कास्की र बागलुङको जोडी सुरेश वम र निर्माण श्रेष्ठलाई १८-२१, २३-२१ र २१-१५ ले पराजित गर्न सफल भएका छन् । प्रतियोगितामा काठमाण्डौ र खोटाङको जोडी दिल बहादुर कान्दङवा र दिपक राई, फिटनेश पार्कको जोडी उमेश केसीले गोविन्दन शाहीको जोडी तेश्रो भएको छ ।

तिन दिन देखि जारी प्रतियोगितामा कुल १२ इभेन्टमा ४८ क्लव तथा जिल्लाका गरी ३ सय भन्दा महिला तथा पुरुष खेलाडीहरुको सहभागिता रहेको थियो । प्रतियोगितामा मास्टर्स, मेन्स उमेन्स डबल्स र मिक्स डबल्सतर्फका पहिलो, दोश्रो र तेश्रो हुने खेलाडीहरुलाई जनही क्रमश नगद रु ४०, २० र १० हजारका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र प्रदान गरिएको थियो भने यू-१७ र यू-१२ ब्याइज तथा गर्ल्स तर्फका पहिलो, दोश्रो र तेश्रो हुने खेलाडीहरुलाई जनही क्रमश नगद रु २०, १० र ५ हजारका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र प्रदान गरिएको थियो । सम्पूर्ण विजेता खेलाडीहरुलाई प्रदेश खेलकुद परिषदका उपाध्यक्ष धोज कुमार गुरुङ, पूर्व राखेप सदस्य तथा संघका वरिष्ठ सल्लाहकार जयराम हमाल, हिसानका केन्द्रिय उपाध्यक्ष बाबुराम पन्तलगायतले नगद, ट्रफि, मेडल तथा प्रमाणपत्र वितरण गरेका थिए । समापन कार्यक्रम कास्की ब्याडमिन्टन संघका अध्यक्ष शुसिल श्रेष्ठको अध्यक्षतामा भएको थियो । सो अवसरमा उनले प्रतियोगितालाई सहयोग गर्नेहरु प्रति आभार व्यक्त गरे ।

# विद्यालयको स्वर्ण महोत्सवमा ४० लाख जुट्यो

**पोखरापत्र संवाददाता**
पोखरा, १४ पुस

स्थापनाको ५० वर्षमा प्रवेश गरेको लमजुङको दोर्दी गाउँपालिका-७ फलेनीस्थित बालकल्याण माध्यमिक विद्यालयको स्वर्ण महोत्सवमा स्थानीय सहयोगदाताले रू ४० लाख १८ हजार प्रदान गरेका छन् ।

अक्षयकोष स्थापनार्थ सुरु गरिएको आर्थिक सहयोग अभियानमा हालसम्म सो रकम सङ्कलन भएको विद्यालयले जनाएको छ । सबैभन्दा बढी दोर्दी-८ बन्सारका खर्व तामाङले रू तीन लाख प्रदान गरेका विद्यालयका प्रधानाध्यापक नवराज घिमिरेले जानकारी दिनुभयो । "स्वर्ण महोत्सवको अवसर पारेर विद्यालयको अक्षयकोष स्थापनाका लागि आर्थिक सहयोग अभियान सुरु गरिएको हो", उहाँले भन्नुभयो, "हालसम्म दुई सय ५० भन्दा बढी यस अभियानमा जोडिनुभएको छ ।" अक्षयकोषको रकम वृद्धिका लागि स्वर्ण महोत्सवपछि पनि आर्थिक अभियान निरन्तर सञ्चालन हुने प्रअ घिमिरले उल्लेख गर्नुभयो । उक्त अक्षयकोषलाई विद्यालयको शैक्षिक गुणस्तर सुधारका कार्यमा खर्च गरिने जनाइएको छ । बिहीबारदेखि सुरु भएको स्वर्ण महोत्सव आज सकिने विद्यालयले जनाएको छ । विद्यालयले न्यून आय भएका परिवारका बालबालिकालाई छात्रवृत्ति, छात्रावास निर्माण, गाडी सुविधालगायत योजना अगाडि बढाएको छ । गुरुङ समुदायको बाहुल्य रहेको दोर्दीको ढोडेनी, फलेनी र बन्सार क्षेत्रका विद्यार्थी सो विद्यालयमा अध्ययन गर्छन् । दोर्दीका जनप्रतिनिधि र स्थानीवासीले विद्यालयको भौतिक संरचना निर्माणमा पहल लिएकाले अहिले सुविधासम्पन्न भवनबाट विद्यालय सञ्चालन भइरहेको विद्यालयका प्रधानाध्यापक घिमिरेले बताउनुभयो ।

# नेत्र ज्योति संघलाई दुई करोडको जग्गा नि:शुल्क

**पोखरापत्र संवाददाता**
म्याग्दी, १४ पुस

म्याग्दीका एक दम्पतीले नेत्र ज्योति सङ्घ, बेनीलाई रु दुई करोड ५० लाख बराबरको जग्गा नि:शुल्क प्रदान गरेका छन् । पूर्वाधारको अभावमा भाडा तिरेर सेवा दिइरहेको सङ्घलाई मालिका गाउँपालिका-६ दिच्यामका मुक्ति रोका र याममाया रोकाले जग्गादान गरेका हुन् । रोका दम्पतीले सङ्घलाई बेनीबजारस्थित कालिपुलको सात आना एक पैसा तीन दाम क्षेत्रफलको जग्गा दान गर्नुभएको हो । शुक्रबार बेनीमा आयोजित कार्यक्रममा रोका दम्पतीले सङ्घका सभापति अमर बानियाँलाई सो जग्गाको लालपुर्जा हस्तान्तरण गर्नुभयो । हाल क्याम्पसचोकमा भाडाको कार्यालयबाट सेवा प्रदान गरिरहेको सङ्घलाई आफ्नै भवन निर्माणका लागि सहज भएको छ । सङ्घको भवन निर्माणका लागि पनि सक्दो आर्थिक सहयोग गर्ने रोका दम्पतीले वाचा गरेका छन् ।

यसअघि जग्गादाता रोकाले २०६६ सालमा आफैँले नेतृत्व गरेर हिमालयन आँखा अस्पतालसँग समन्वय गरी बेनीको रेडक्रस भवनमा आँखा उपचार केन्द्र सञ्चालनमा ल्याउनुभएको थियो ।

# २० औं माछापुच्छ्रे पोखरा ओपन टेनिस उपाधिका लागि प्रदिप र संरक्षक भिड्ने

पोखरापत्र संवाददाता
तनहुँ, १४ पुस

पोखरामा जारी २० औं माछापुच्छ्रे पोखरा ओपन मेन्स सिंगल्समा नेपाल नं १ प्रदिप खड्का र पूर्व नेपाल नं १ संरक्षक भुषण बज्रचार्यले उपाधि भिडन्तमा स्थान पक्का गरेका छन् । कास्की जिल्ला ब्याडमिन्टन संघको आयोजना तथा माछापुच्छ्रे बैंकको मुख्य प्रायोजनमा शनिबार सम्पन्न सेमीफाइनलमा आ-आफ्नो खेल जित्दै उनीहरुले उपाधि भिडन्तका लागि स्थान पक्का गरेका हुन् ।



शनिबार भएको संघर्षपूर्ण सेमीफाइनल भिडन्तमा १९ औं सस्करणका समेत उपाधि विजेता प्रदिपले भारतिय खेलाडी अभिनन्सु ठाकुरलाई २-१ को सेटमा पछि पारे । पहिलो सेट ३-६ ले अभिनन्सुलाई सुम्पिएका प्रदिपले दोश्रो सेटमा सम्हालिएर खेल्दै ६-२ आफ्नो पक्षमा पार्दै खेल बराबरीमा ल्याए । अन्तिम सेटमा प्रदिपले अभिनन्सुलाई ६-४ ले पछि पार्दै फाइनलमा स्थान पक्का गरे ।

त्यस्तै मेन्स सिंगल्सतर्फ नै भएको सेमीफाइनलमा पूर्व नं १ संरक्षकले २-० को सोझो सेटमा ऋतिक रानालाई पराजित गरे । पहिलो सेट ६-२ र दोश्रो सेट ६-३ ले जित्दै ऋतिकको फाइनल पुग्ने सपनालाई संरक्षकले विफल पार्दै उपाधि भिडन्तमा प्रदिप संग भेट पक्का गरे । यता महिला सिंगल्सतर्फ नेपाल नं १ तथा १९ औं माछापुच्छ्रे महिलातर्फकी उपाधि विजेता अभिलाषा विष्टले माहिका रानालाई २-१ को सेटमा पराजित गरी फाइनलमा स्थान शुरक्षित गरेकी छन् । पहिलो सेट ६-३ ले सहज जित हात पारेकी अभिलाषाले दोश्रो सेट भने माहिकालाई ४-६ ले सुम्पिइन् । तर अन्तिम सेट भने अभिलाषाले ६-१ ले सहज जित हात पारिन् । अभिलाषाको भेट फाइनलमा सुनिरा थापा संग हुनेछ । सेमीफाइनलमा रायना शाह विरुद्ध संघर्षपूर्ण खेलमा सुनिराले ६-३, ६-७ र ७-५ ले जितेकी हुन् ।

२० औं पोखरा ओपन मेन्स डबल्सतर्फको उपाधि संरक्षक भुषण बज्रचार्य र सम्यक भुषण बज्रचार्यको जोडीले जितेको छ । उनीहरु सहोदर दाजु भाई हुन् । फाइनल भिडन्तमा संरक्षक र सम्यकले भारतिय खेलाडी जोडी अभिनन्सु ठाकुर र सिद्धान्त डेकालाई सोझो सेटमा ७-५, ६-४ ले हराउँदै उपाधि जितेका हुन् ।

यस्तै भेट्रान्स ६५ वर्ष माथी सिंगल्स फाइनल खेल मनोज राणाले जितेका छन् । विदुर विष्ट विरुद्ध फाइनल भिडन्तमा मनोजले ४-१, ४-० को सहज जित हात पारे । उनले जित संगै नगद रु १५ हजार र उपविजेता बिदुरले नगद ७ हजारका साथमा मेडल तथा प्रमाणपत्र हात पारेका छन् ।

३५ वर्ष माथी भेट्रान्स सिंगल्सको फाइनलमा सन्तोष खत्री र पूर्व नेपाल नं १ कमल भण्डारी भिड्ने पक्का भएको छ । शनिबार नै भएको सेमीफाइनलमा सन्तोषले पूर्व नं १ जितेन्द्र परियारलाई सुपर टाई म्याचमा ४-६, ६-३ र १०-८ ले जित निकाल्दा कमलले अनिल साई विरुद्ध ६-४, ७-५ को सोझो सेटमा पराजित गरी फाइनलमा स्थान बनाए । ३५ वर्ष माथीको डबल्समा अनिल शाही र सिमान्त गुरुङको जोडीले जितेन्द्र परियार र इलम दिक्षितको जोडीलाई ७-६, ६-१ ले पराजित गरी फाइनलमा पुगेका छन् । ४५ वर्ष माथी भेट्रान्स सिंगल्सको फाइनलमा रोहीत सुनुवार र महेश श्रेष्ठले उपाधि भिडन्त पक्का गरेका छन् । रोहितले सेमीफाइनलमा प्रदिप शाहलाई ६-०, ६-० को सोझो सेटमा पराजित गरे भने अर्को सेमीफाइनल खेलमा महेशले गोपी भट्टराईलाई ६-० र ६-२ ले पराजित गरेका थिए । सोही उमेर समुहको डबल्समा चन्द्र शाही र महेश श्रेष्ठको जोडीले आशिष सिग्देल र निमा लामाको जोडीलाई ६-३, ६-४ ले पाखा लगाउँदै फाइनलमा पुगेका छन् ।

त्यसैगरी ५५ वर्षमाथी भेट्रान्स सिंगल्सको फाइनलमा जिवन घिमिरे र बिमल गुरुङले फाइनलमा स्थान पक्का गरेका छन् । जिवन घिमिरेले समिर शेरचनलाई ६-०, ६-१ को सोझो सेटमा सेमीफाइनलमा पराजित गर्दा भारतिय खेलाडी थोङ्वाम तुलेश्वरलाई ७-६, ६-३ ले हराउँदै बिमलले फाइनल यात्रा शुरक्षित गरे । सोही उमेर समुहको डबल्समा कृष्णराज घले र सूवर्ण ढाक्वाको जोडीले ६-४, ६-२ ले विमल कुमार गुरुङ र जोली टार्गेनलाई पराजित गरी उपाधि नजिक पुगे । प्रतियोगितामा ओपन मेन्स तथा उमेन्स सिंगल्सतर्फका बिजेताले जनही नगद ८० हजार र उपविजेताले नगद ४० हजारका साथमा मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । त्यसै गरी सेमीफाइनालिष्टले नगद १० हजार सहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्ने आयोजक कास्की टेनिसका अध्यक्ष लोक बहादुर गुरुङले जनाएका छन् ।

प्रतियोगितामा मेन्स तथा उमेन्स डबल्सतर्फ बिजेताले नगद ३० हजार, उपविजेताले १५ हजारसहित ट्रफी र सेमीफाइनालिष्टले नगद १० हजार नगदसहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । ३५ वर्ष माथी भेट्रान्स सिंगल्सतर्फको बिजेताले नगद ६० हजार, उपविजेताले ३० हजार सहित ट्रफी तथा मेडल प्राप्त गर्नेछन् भने सेमीफाइनालिष्टले नगद १० हजार सहित पदक प्राप्त गर्ने र डबल्सतर्फ विजेताले नगद २० हजार, उपविजेताले नगद १० हजार सहित ट्रफी संगै सेमीफाइनालिष्टले नगद १० हजार सहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

४५ वर्ष भन्दा माथीको सिंगल्स विजेताले नगद ४० हजार, उपविजेताले २० हजार र सेमीफाइनालिष्ट नगद १० हजारका साथमा ट्रफी मेडल र प्रमाणपत्र प्रदान गरिने छ । त्यस्तै सोही स्पर्धाको डबल्सतर्फ विजेताले नगद २० हजार, उपविजेताले नगद १० हजार तथा सेमीफाइनालिष्टले नगद १० हजार सहित मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् । प्रतियोगिता अन्तर्गत नै हुने ५५ वर्ष माथीको सिंगल्सतर्फको विजेताले नगद ३० हजार, उपविजेताले १५ हजार, सेमीफाइनालिष्टले जनही नगद १० हजार प्राप्त गर्ने आयोजकले जनाएको छ । त्यस्तै डबल्सतर्फको बिजेताले २० हजार, उपविजेताले नगद १० हजार र सेमीफाइनालिष्टले जनही नगद १० हजारका साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगितामा ६५ वर्ष माथीको सिंगल्सतर्फ बिजेताले नगद १५ हजार, उपविजेताले नगद ७ हजार ५ सय तथा सेमीफाइनालिष्टले जनही नगद २ हजार ५ सयसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

"२० औं माछापुच्छ्रे पोखरा ओपन तथा भेट्रान्स टेनिस प्रतियोगिता २०८०" सम्पन्न गर्न करिव १९ लाख खर्च र २१ लाख आम्दानी हुने कास्की टेनिस संघका कोषाध्यक्ष अनुज बास्तोलाले बताए । प्रतियोगितामा पुरस्कार राशीमा मात्रै नगद करिव रु ८ लाख खर्च हुने उनको भनाई छ । उनले यो प्रतियोगिताबाट करिव २ लाख बचत हुने जानकारी दिए । टुर्नामेन्ट डाइरेक्टर राजन पौडेलका अनुसार सिंगल्सतर्फ र केही डबल्सतर्फका फाइनल खेलहरु आइतबार सञ्चालन हुनेछन् ।

# लेखनाथ महोत्सवमा शनिबार हालसम्मकै सर्वाधिक कारोबार

पोखरापत्र संवाददाता
पोखरा, १४ पुस

'महोत्सव लेखनाथको संस्कृति, स्थानिय उत्पादन विकास र सम्मृद्धि'' भन्ने मुल नाराका साथ पुष ५ गतेबाट लेखनाथमा शुरु भएको १९औं संस्करणको लेखनाथ महोत्सवमा शनिबार हालसम्मकै सर्वाधिक कारोबार भएको छ ।



महोत्सवमा यसपटक दर्शकहरुको संख्या वढ्दो देखीएको, शनिबार बिदाको दिन समेत परेको र समापनको मिति पनि नजिकिदै गरेको कारण किनमेल गर्ने दर्शकहरुको संख्यामा पनि वृद्धि भएको जसले गर्दा कारोबारमा पनि उल्लेख्य वृद्धि भएको महोत्सवका प्रचार प्रसार उपसमितिका संयोजक उपेन्द्रराज सुवेदी 'राजु'ले जानकारी दिएका छन् ।

लेखनाथ उद्योग वाणिज्य संघ र नेपाल उद्योग वाणिज्य महासंघको संयुक्त आयोजनामा सञ्चालन भएको महोत्सवमा हालसम्म ८ करोडको हाराहारीमा कारोबार भएको छ । १०औं दिन शनिबार मात्रै अहिलेसम्मकै सर्वाधिक १ करोड ५० लाख बराबरको कारोबार भएको र अहिलेसम्म कुल ७ करोड ७० लाख बराबरको कारोबार भएको सुवेदीले जानकारी दिए । यसै गरी महोत्सवको हालसम्म झण्डै ३ लाख दर्शकहरुले अवलोकन गरेका छन । शनिबार ३० हजार दर्शकहरुले महोत्सवको अवलोकन गरेको र हालसम्म २ लाख ८० हजार दर्शकहरुले महोत्सवको अवलोकन गरेको लेखनाथ उद्योग वाणिज्य संघकी महासचिव जानुका पराजुलीले जानकारी दिईन । हालको शिथिल अर्थतन्त्रको अवस्थामा पनि महोत्सवमा देखीएको दर्शकहरुको उपस्थीती र कारोबारले आफुहरुलाई उत्साहित बनाएको र यसले महोत्सवको लक्ष्यभन्दा पनि वढि दर्शक र कारोबार हुनेमा विश्वस्त रहेको संघका अध्यक्ष एवं महोत्सवका मुल संयोजक विनोद श्रेष्ठले वताए । शनिबार लोकदोहोरी कलाकारहरु खुमन अधिकारी, कला लम्साल, घनश्याम रिजाल, रिया खड्का, कृष्ण सुवेदी, रिया खड्का, रति खड्का, टेकराज भण्डारी र सरिता सारु मगर लगायतले प्रस्तुती राखेका थिए भने हाँस्यव्यग्यतर्फ सिताराम कट्टेल 'धुर्मुस' र कुञ्जना घिमिरे 'सुन्तली'को प्रस्तुती रहेको थियो । यस्तै बेलुका लाईभ कन्सर्टमा ईलिमेण्ट ब्याण्ड र सञ्जना श्रेष्ठले स्टेज तताएका थिए । महोत्सवमा आईतबार लोकदोहोरी कलाकारहरु राजु परियार, जलुमाया गुरुङ, श्रीराम थापा, ईन्द्रा गुरुङ, मञ्जु वि.क., रामप्रसाद ढकाल, पुजा गुरुङ बाल कलाकार प्रिन्स लम्साल लगायतले प्रस्तुती राख्नेछन भने हाँस्यव्यग्यतर्फ पवन खतिवडा' म्याकुरी' र बेलुका लाईभ कन्सर्टमा र्‍यापर विवश जेके, डेभिड शंकर र ओम गुरुङ लगायतले स्टेज प्रस्तुती दिने कार्यक्रम रहेको आयोजकले जानकारी दिएको छ ।

पुष १६ गते सम्म चल्ने महोत्सवका मुख्य आकर्षणहरुमा महोत्सवस्थलमा थ्रिडी आर्ट मार्फत कवि शिरोमणि लेखनाथ पौड्यालको जन्मघर झल्कने तस्बिर, एलईडि डिस्प्ले मार्फत स्टेजबाट प्रायोजकहरुको प्रवर्द्धन, भिड र सुरक्षालाई मध्यनजर गर्दै दर्शकहरुका लागि ई-सेवाबाट टिकट काट्न सकिने गरि व्यवस्था मिलाईएको छ । साथै राष्ट्रिय स्तरका चर्चित कलाकारहरुवाट स्टेज सो, बाल उद्यान, खाना महोत्सव, राष्ट्रिय लोक दोहोरी कार्यक्रम, कविता प्रतियोगिता, रितिरिवाज झल्कने सांस्कृतिक कार्यक्रम, नवप्रतिभा खोजी कार्यक्रम लगायतका कार्यक्रमहरु रहेका छन् भने जातजातिहरुको सांस्कृतिक जर्गेना कार्यक्रम लगायत थुप्रै मनोरञ्जनात्मक कार्यक्रमहरु रहनेछन ।

# राहुघाट जलविद्युत् आयोजनाको डिसेन्डर निर्माण गर्न खोला फर्काइयो

पोखरापत्र संवाददाता
म्याग्दी, १४ पुस

नेपाल विद्युत् प्राधिकरणद्वारा यहाँ निर्माणाधीन ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजनाको डिसेन्डर (बालुवा थिग्राउने पोखरी) निर्माणका लागि आज राहुघाट नदीलाई फर्काइएको छ ।

रघुगङ्गा गाउँपालिका-४ दग्नाम र वडा न ५ झिँ को फेदीमा एक सय १९ दशमलव सात मिटर लामो, ३१ मिटर चौडाइ र १६ मिटर अग्लो डिसेन्टर बनाउनका लागि खोला फर्काइएको हो । दग्नामतर्फको भूगोलमा डिसेन्डर बनाउन झिँतर्फको भूगोलमा निर्माण भएको एक सय १२ मिटर लामो, एक सय १९ दशमलव सात मिटर अग्लो र पाँच मिटर फराकिलो अण्डर सुलुसबाट खोला बगाइएको राहुघाट जलविद्युत् आयोजनाका व्यवस्थापक राज विष्टले जानकारी दिनुभयो । "अण्डर सुलुस र स्पिल वे निर्माण सकेर डिसेन्डर बनाउन थालिएको हो", उहाँले भन्नुभयो, "३१ मिटर लामो र १७ मिटर अग्लो बाँध निर्माण अन्तिम चरणमा पुगेको छ ।" नदी फर्काउने काम जलविद्युत् आयोजना निर्माणका लागि एउटा महत्वपूर्ण कोशेढुङ्गा र फड्को भएको विष्टले बताउनुभयो ।

राहुघाट जलविद्युत् आयोजनाको आगामी २०२५ मार्च महिनाभित्र विद्युत् उत्पादन सुरु गर्ने कार्ययोजनासहित काम भइरहेको छ । विसं २०७४ मङ्सिरमा रु छ अर्बमा ठेक्का सम्झौता गरेको सिभिल ठेकेदार भारतको जयप्रकाश एसोशियटले हालसम्म ६५ प्रतिशत काम गरेको प्रवर्द्धक कम्पनी रघुगङ्गा हाइड्रोपावरका प्रबन्ध सञ्चालक गणेश केसीले बताउनुभयो । आयोजनाको करिब ५० प्रतिशत वित्तीय प्रगति भएको छ । सुरुङ ९० प्रतिशत र विद्युत् गृह निर्माणको काम ५० प्रतिशतभन्दा बढी सकिएको छ । छ किलोमिटर दुई सय मिटर सुरुङमध्ये पाच किलोमिटर पाँच सय ९८ मिटर सुरुङ निर्माण सकिएको जयप्रकाश एसोशियटसका आयोजना व्यवस्थापक हरिश अग्रवालले बताउनुभयो । अब छ सय दुई मिटर मात्र सुरुङ निर्माण गर्न बाँकी छ । अबको दुई महिनाभित्र सुरुङको 'ब्रेक थ्रु' गर्ने लक्ष्यसहित काम भइरहेको छ । सिभिल ठेकेदारले विसं २०७५ असारमा पहुँचमार्ग र विसं २०७६ असारमा सुरुङ खन्न सुरु गरेको थियो । बाँध, अँधेरीखोला, पिप्ले र तिल्केनीचौरका चार अडिटबाट सुरुङ निर्माणलाई तीव्रता दिइएको छ । सुरुङबाट आउने पानीलाई रघुगङ्गा-३ पिप्लेदेखि तिल्केनीचौरमा निर्माणाधीन विद्युत्गृहमा खसाल्ने एक सय ९६ मिटर ठाडो सुरुङलाई फिनिसिङ गर्ने काम अन्तिम चरणमा पुगेको छ । पिप्लेमा ६१ मिटर गहिरो सर्च साफ्ट निर्माण सकिएको छ । विद्युत् गृह निर्माणस्थलबाट भर्टिकल प्रेसर साफ्टसँग जोड्ने तीन सय २९ मिटर बटम प्रेसर साफ्टको सुरुङ यसअघि नै जोडिएको थियो । अडिट नम्बर ३ देखि भर्टिकल प्रेसर साफ्टसम्मको पाँच सय ४१ मिटरमध्ये चार सय ५० मिटर सुरुङ निर्माण सकिएको छ ।

विद्युत्गृहको संरचना निर्माण सकेर टर्वाइनका उपकरण जडान गर्न थालिएको छ । विसं २०७६ कात्तिकमा एक करोड दुई लाख ९३ हजार २२ दशमलव ३५ अमेरिकी डलरमा इलेक्ट्रोमेकानिकल ठेक्का सम्झौता गरेको भारत हेभी इलेक्ट्रिकल्स लिमिटेड (भेल)ले विद्युत्गृहका उपकरण आयात गर्न थालेको छ । भारतीय आयात निर्यात (एक्जीम) बैंकको ६७ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण तथा प्राधिकरण र सरकारको संयुक्त लगानीमा कम्पनीको अवधारणा तथा इञ्जिनियरिङ प्रक्युमेन्ट एन्ड कन्ट्रयाक्ट (इपीसी) प्रारूपमा राहुघाट जलविद्युत् आयोजना निर्माण भइरहेको छ ।


## सार्वजनिक सूचना

बक्योता भाडा बुझाई सटर खाली गरीदिनुहुन अनुरोध पोखरा महानगरपालिका वडा नं.८, रत्नचोक स्थित म घर धनी हित कुमारी गुरुङको घर नं.१६९ राष्ट्रबैक मार्गमा पक्की घरको दुई सटर भाडामा लिएर व्यवसाय सञ्चालन भएको पसल विगत १ वर्षदेखि भाडा भुक्तान बाँकी राखेर सम्पर्कमा नआई घरको सटर समेत बन्द गरी मौखिक लिखित कुनै जानकारी बेगर हालसम्म पनि सम्पर्क सूचना नआएकोले उक्त पसल सञ्चालक स्वयंले सम्पर्कमा आई भाडा हिसाब बुझ बुझारत गरी सटर खाली गरिदिनुहुन यसै सूचना मार्फत जानकारी गराईन्छ । अन्यथा कानुन बमोजिम भैजाने व्यहोरा समेत सूचित गर्दछु ।

**घर धनी हित कुमारी गुरुङ**
**पोखरा-८, राष्ट्रबैंक मार्ग**
**घर नं.१६९**


# लेखनाथमा हुन छोड्यो अनदीधान खेती

पोखरापत्र संवाददाता
पोखरा, १४ पुस

केही वर्ष पहिला हरेक किसानको खेतमा हुने अनदीधान अहिले रोप्न छाडिएको छ । अरू धानभन्दा झन्डै आधा कम फल्ने भएकाले अनदीको खेती कम हुँदै गएको कृषि ज्ञान केन्द्र कास्कीले जनाएको छ ।

पोखरा-९ नयाँबजार निवासी सुनिता सिग्देलले पुस १५ मा अनदीको लट्टे (चाम्रे) खाने चामल किन्नका लागि बजारका एक दर्जन पसल डुल्नु परेको बताउनुभयो । "हाम्रो समाजमा पुस १५ गतेदेखि दिन लामो हुँदै जान्छ भन्ने पहिलेदेखिको मान्यता छ । पुस १५ लामो रात हुने भएकाले रातमा भोक नलागोस् भनेर बेलुका अनदीको लट्टेमा घीउ र खुदो हालेर खाने प्रचलन रहिआएको छ", उहाँले भन्नुभयो । विशेषगरी पुस १५ मा लट्टे खानका लागि प्रायः किसानले आफ्नै खेतमा अनदीको खेती गर्दै आएपनि पछिल्ला वर्ष यस्तो धान लगाउनेको सङ्ख्या कम हुँदै गएको केन्द्रका प्रमुख किरण सिग्देलले बताउनुभयो ।

केही वर्षदेखि अनदीको उत्पादन घटेसँगै अन्य चामलको तुलनामा यसको मूल्य तीन गुणा बढी रकम तिर्न उपभोक्ता बाध्य छन् । पोखरेली बजारमा अनदीको चामल प्रतिकेजी रु तीन सयसम्म बिक्री हुने गरेको छ । अरू धानभन्दा झन्डै आधा कम फल्ने भएकाले अनदीधानको उत्पादन घट्दै गएको सिग्देलले बताउनुभयो । यस कारण किसान अनदी खेतीप्रति आकर्षित नभएका उहाँको भनाइ थियो । "चाडपर्वमा मात्र बिक्री हुने भएकाले यहाँका किसानले नगन्य मात्रामा धान रोप्ने गरेका छन्", प्रमुख सिग्देलले भन्नुभयो, "व्यावसायिक रूपमा केही मात्रामा बेगनास, रुपा र मादीबेँसी फाँटमा यो धान लगाइने गरिएको छ ।" उहाँका अनुसार जिल्लामा अनदी धान कति मात्रामा उत्पादन हुन्छ भन्ने तथ्याङ्क भने कुनै पनि सरकारी तथा गैरसरकारी कार्यालयसँग छैन । बेगनास, रुपा, मादी, अन्नपूर्ण गाउँपालिकामा बढी मात्रामा रातो अनदी लगाइने केन्द्रको भनाइ छ । रुपा गाउँपालिकाका किसान विश्वनाथ ढकालका अनुसार रुपा र मादी गाउँपालिकाको किमबेँसी, तालबेँसी, मकैखोला, मादीबेँसी, माझठाना, बेगनासफाँट र आर्वाफाँटमा यो धान उत्पादन हुने गरेको छ ।

अनदीलाई मल धेरै हाल्न नपर्ने, धेरै पानी र रासायनिक मल आवश्यक नपर्ने उहाँको भनाइ थियो । खेती गर्न सहज भए पनि चाडपर्वबाहेक अन्य समयमा माग कम हुने भएकाले यसखेतीप्रति आकर्षण घटेको ढकालले बताउनुभयो । उत्पादन कम भएसँगै हरेक वर्ष चामलको अभाव हुँदै गएको उहाँको भनाइ थियो । "अनदीको धान लगाउने क्रम बर्सेनी घट्दै गएको छ । उन्नत जातको धान प्रतिहेक्टर छ टनसम्म फल्ने भए पनि अनदी मुस्किलले दुई टन मात्रै फल्ने भएकाले व्यावसायिक प्रयोजनका लागि यो धान लगाउन छाडेका छन्", ढकालले भन्नुभयो । पोखरामा लट्टेका लागि रातो अनदी बढी प्रयोग हुने छ । अनदी एक प्रकारको मोटो चामल हो । नेपालमा रातो र सेतो अनदीको चामल प्रयोग हुन्छ । गुलियो भात, चाम्रे अथवा लट्टे, दूधमा बनाएको खीर, भुटेको खट्टे, पुवा, सेल रोटी बनाउन अनदी चामलको प्रयोग हुने कृषि क्षेत्रमा काम गर्दै आएको संस्था लीवर्ड पोखराका वरिष्ठ कृषि प्राविधिक बुद्धि थापाले बताउनुभयो । "अनदी चामलमा थोरै एमाइलोज धेरै एमाइलो-पेक्टिन भएकाले यसको भात टाँसिने वा च्यापच्याप लाग्ने हुन्छ । पहेँलो वा सेतो भनिने अनदी चामल भुसिलो मिठो र शरीर जोसिलो बनाउने प्रकृतिको हुन्छ । यसको मुख्य गुण यसले शरीरको आन्तरिक अङ्गहरूलाई तन्दुरुस्त राख्न चाहिने चिल्लो पदार्थ भरपूर मात्रामा हुन्छ", उहाँले भन्नुभयो ।

अनदीको चामलबाट बनेका परिकारले कब्जियत पैदा गर्ने सम्भावना बढी हुने भएकाले घीउ वा खुदो राखेर सेवन गर्न थापाले सुझाव दिनुभयो । "अनदी स्थानीय बाली भएकाले हावापानी अनुकूल हुनाका साथै सुक्खा, खडेरी, अनावृष्टि तथा अतिवृष्टि, रोगकिराको सङ्क्रमण पनि सहन सक्ने हुन्छ", उहाँले भन्नुभयो ।


## कम्पनीको नाम परिवर्तन भएको सूचना

यस कम्पनीको मिति २०८०/०८/२४ को विशेष बैठकको निर्णय अनुसार साविक **छायाँक्षेत्र पोलिक्लिनिक प्रा.लि.** (प्रा.लि. द.नं. ३१७२०६) मा रहेको सम्पूर्ण सम्पत्ति तथा कर दायित्व परिवर्तित नाम **छायाँक्षेत्र हेल्थकेयर प्रा.लि.** ले सकार्ने व्यहोर्ने गरि कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०९/०२ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा जानकारी गराइन्छ ।